ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २२९

९ जेठ २०८० मंगलबार

23 May. 2023, Tuesday

www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# थप दाइजो नदिएको भन्दै श्रीमान, सासु, ससुराले गरे महिलाको हत्या, प्रहरीले जाहेरी दर्ता नगरेको गुनासो



**खबर दर्पण समाचारदाता**

**जेठ ८ गते, जनकपुर**

थप दाइजो नदिएकाले धनुषामा एक महिलाको हत्या गरिएको खुलेको छ ।

धनुषाको मिथिला बिहारी नगर पालिका-३ मिथिलेश्वर मौवाही घर भई हाल जनकपुरधाम-९ थापा चोकमा रहँदै आएका सो महिलाको दाइजोकै कारण हत्या गरिएको माइती पक्षले आरोप लगाएको छ । उनी जनकपुरधामस्थित थापा चोकको घरमा श्रीमान, सासु, ससुरा र देवर मिलेर महिलाको हत्या गरेको माइती पक्षको आरोप छ ।

नगराइन नगरपालिका-८ खिरखिरियाका विनोद प्रसाद साहको २२ वर्षीया छोरी आरतीकुमारी साहको उनका श्रीमान् मोतीबाबु साह, ससुरा मदनमोहन साह, सासु रेणु देवी साह र देवर रवि साह मिलेर हत्या गरेको मृतकका बुबा विनोद प्रसाद साहले आरोप लगाए ।

आरतीको विवाह दुई वर्ष अगाडी विनोदसंग भएको थियो । यसअघि पनि आफ्ना छोरीलाई उनका श्रीमान, ससुरा र सासु मिलेर थप दाइजो माग गर्दै आएको बताउँदै विनोदले भने 'दहेजको थप रकम नदिदाँ पटक पटक आरतीलाई उनीहरुले कुटपिट गर्दै शारीरिक र मानसिक तनाब दिँदै आएका थिए ।'

'छोरीलाई कुटपिट गरेको देख्दा मैले धेरै पटक रकम पनि दिए, उनले भने, 'आइतबार उसको श्रीमान्, ससुरा, सासु र देवर मिलेर कुटपिट गर्नुका साथै घाँटी थिचेर हत्या गरेका हुन् ।'स्थानीयवासीलाई उद्धृत गर्दै मृतकका बुबा विनोदले भने, 'घाँटी थिचेपछि आरती कराएको थियो, त्यसपछि टोलका मानिसहरु भेला हुन थालेपछि आरतीले झुण्डेर आत्महत्या गर्यो भन्दै नाटक गरियो ।'

उनले विगतमा पनि पटक पटक थप दहेजका लागि आरतीलाई दबाब र कुटपिट गर्दै आएको दाबी गरे । १२ दिन अघिमात्र आरतीलाई माइतीबाट बोलाएर लगेको र आइतबार साँझ पुनः दहेजकै रकमका लागि उसको टाउको लगायत शरीरको विभिन्न भागमा कुटपिट गरी घाँटी थिचेर हत्या गरेको विनोदको आरोप छ ।

आरतीका ससुरा, श्रीमान र सासुले पोल खुल्ने डरले मृत शरीर नै काव्या अस्पतालमा उपचारका लागि लगेको उनको दाबी छ । उनले आरतीले झुण्डेर आत्महत्या गर्यो भन्दै आफूलाई साँझ फोन गरेर जानकारी गराइएपनि घटना भने दिनमै घटाइएको जिकिरसमेत गरेका छन् ।उनले मोतीबाबुको काठमाडौंमा अर्कै केटीसँग सम्बन्ध रहेको र आरतीलाई सोबारे जानकारी हुँदा पटक पटक उनीहरुबिच मनमुटावसमेत हुँदै आएको बताए ।

विनोदले मोतीबाबुको बानि वेहोराबारे आफूहरुले विवाह भएपश्चात् जानकारी पाएको र विवाहको बेला आफूहरुलाई केटा इन्जिनियर छ भन्दै छोरीको विवाह गरिएपनि उनी भने ब्रोकरको काम गर्दै आएको कुरा आफूहरुले पछिबाट थाहा पाएको बताए ।विनोदका अनुसार प्रहरीले आफ्नो छोरीको हत्या हुँदा समेत जाहेरी दर्ता गर्न नमानेको दुखेसो पोखे ।

यता, मृतकका श्रीमान मोतीबाबु साहले आइतबार आरतीको स्वास्थ्य अवस्था खराब रहेकोले उनी मध्यान्ह १२ बजेसम्म बेडमै रहेको सुनाए । उनले भने, 'हिजो आरतीलाई सञ्चो थिएन, उनी १२ बजे सुतेर उठिन, मैले उसलाई खाना खान आग्रह गरें । तर, उनले मानिनन् । उल्टै मलाई नै गाली गर्न थालिन । सोही क्रममा आवेशमा आएर मैले उसलाई एक झापड हिर्काएर म घरबाट निस्किहाले । साँझ घर जाँदा आरतीलाई खोजें । पछि मैले कोठाको चुकुल भित्रबाट बन्द भएको बुझें । बाहिरबाट धेरै पटक हल्ला गर्दा पनि नसुनेपछि अन्त्यमा ढोका तोडरे हेर्दा आरती पंखामा झुण्डेर आत्महत्या गरेकी थिइन् ।

**म अक्क न बक्क भएँ ।'**

घटनाको थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए । उनले भने, 'पोष्टमार्टमको रिपोर्ट आएपछि मात्र आत्महत्या वा हत्या भन्न सकिन्छ । यसका लागि प्रहरीले सुक्ष्म अनुसन्धान गरिरहेको छ ।'यसैबिच, प्रहरीले मृतकका श्रीमान मोतीबाबु र ससुरा मदन मोहन साहलाई नियन्त्रणमा लिएको बताइएको छ।

# स्रोत नखुलेको २० लाख रूपैयाँसहित एक हुण्डी कारोवारी पक्राउ



**खबर दर्पण समाचारदाता**

**जेठ ८ गते, जनकपुर**

धनुषा प्रहरीले स्रोत नखुलेको २० लाख रूपैयाँसहित जनकपुरधामबाट एक हुण्डी कारोवारीलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारतको बिहार राज्यअन्तर्गत सितामढी ग्राम पञ्चायत मनपुर घर भई हाल जनकपुरधाम उपमहानगरपालिका-६ मा डेरा लिएर बस्दै आएका २५ वर्षीय रन्धिर ठाकुर रहेका छन् । ठाकुरलाई विशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय धनुषा र जानकी प्रहरी चौकीबाट खटेको संयुक्त प्रहरी टोलीले सोमबार बिहान ९ बजे जनकपुर धाम-६ बाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेदप्रसाद गौतमले जानकारी दिए ।

ठाकुरलाई चेकजाँच गर्दा हरियो झोला भित्र स्रोत नखुलेको नेपाली २० लाख रूपैयाँ फेला परेको डीएसपी गौतमले बताए ।

पक्राउ परेका उनलाई नगद सहित नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालयमा ल्याई थप अनुसन्धान भइरहेको धनुषा प्रहरीले जनाएको छ ।

# सप्तरीमा युवकको हत्या

सप्तरी । सप्तरीमा घाँटी रेटेर एक युवकको हत्या भएको छ ।

हत्या भएको अवस्थामा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ४ मधवापुरस्थित खेतमा आज बिहान अन्दाजी २५ वर्षीय युवकको शव फेला परेको हो । मृतकको पहिचान भने खुलेको छैन ।

स्थानीयले आज बिहान खेतमा युवकको शव स्थानीयले प्रहरीलाई खबर गरेका थिए । प्रहरी टोलि घटना स्थलमा पुगेर अनुसन्धान गरिरहेको सप्तरीका प्रहरी प्रवक्ता डिएसपी नरेश कुमार सिंहले बताए ।

# सिलप्याक बोतलमा झिँगा, चापाकलबाट पानी भरेर बेचेको आरोप

**खबर दर्पण समाचारदाता**

**जेठ ८ गते, महेन्द्रनगर**

धनुषाबाट उत्पादित हुने आरती धारा नामक पानीको बोतलमा झिँगा फेला परेको छ । स्वास्थ्यको मामिलामा संवेदनशिल मानिने पानीको बोतलमा झिँगा फेला परेको हो ।

धनुषाको धनुषाधाम नगरपालिका वडा नं. ७ किसानपुरबाट प्याकिँग हुने गरेको आरती धारा नामक पानीको बोतल गुणस्तरीयहिन पानी बेच्ने गरेको छ । बोतलमा चापाकलको पानी हालेर बेच्ने गरेको आरोप छ । धनुषाको सबैलाको भठिहनको एक पसलमा बेच्नको लागि दिएको पानीको बोतलमा झिँगा फेला परेको हो ।

स्वास्थ्यको लागि हानिकारक किरा मानिएको झिँगा पानीको बोतलमा भेटेपछि बिना प्यूरिफाई गरी पानी मूल्य लिएर बेच्ने गरेको आरोप लगाइएको छ । घरेलु उद्योग वा फुड सेफ्टी डिपार्टमेन्टले अनुगमन नगर्दा गुणस्तरीयहिन पानी विक्री वितरण गर्दै आएको छ ।

आरती धाराले उत्पादन गर्ने बोत्तलमा कुनै मितिसिति समेत लगाइएको देखिदैनन् । धनुषाको




भठिहनमा एक पसलमा बिक्रीका लागि राखिएको सिल प्याक पानी बोतलमा झिंगा भेटिएको छ। आरती धारा धनुषाधाम(७ किसानपुरले उत्पादन गर्दै आएको पानीको बोतलमा झिंगा भेटिएको हो ।

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै घण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३टीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्स्लमययच को व्यवस्था ।

## सम्पादकीय

# अर्थतन्त्रमा सुधार ल्याउन आयातमा कमी गर्नुपर्छ

मुलुकको अर्थतन्त्र आयातीत उपभोगमा आधारित छ। यसबाट आन्तरिक उत्पादनमा आधारित उपभोगमा लैजान कुन-कुन उद्योगमा हाम्रो क्षमता निर्माण गर्न सकिन्छ भन्ने पनि पहिचान गरेको छैन। समस्टिगत रूपमा कृषि, पर्यटन, जलस्रोत भनिएको छ । कस्तो-कस्तो उद्योग भनेर तोकेरै बोलिदिएको भए निजी क्षेत्र पनि लगानी गर्न तयार हुन्थ्यो होला। नेपालको प्रतिस्पर्धात्मक क्षमता कुन उद्योगमा निर्माण गर्न सकिन्छ भन्नेमा केही स्पष्ट बोलेन। त्यसकारण यो पुरानै नीतिको निरन्तरता देखिन्छ। यही पनि कार्यान्वयन सबल भयो भने ठीकै हो। बजेटले कार्यक्रमलाई कुन हिसाबले समावेश गर्छ भन्नेमा भर पर्छ। पर्याप्त बजेट छुट्याइएन, खर्च गर्ने तरिका अपनाइएन भने यसले अपेक्षाकृत परिणाम ल्याउन नसक्ने पनि हुन्छ।

नीति तथा कार्यक्रममा क्षेत्रगत रूपमा यो-यो गरिनेछ भनेर उल्लेख छ। सोही खाकाअनुसार बजेटमा तिनै आयोजनामा पर्याप्त बजेट विनियोजन गरियो र कार्यान्वयन विधि स्पष्ट पारियो भने ठीक होला। तर, यसले निजी क्षेत्रलाई प्रोत्साहन गर्न कस्ता सुधार गर्न सकिन्छ भनेर त्यति बोलेको छैन। लगानीको अवरोध के हो ? जोखिम लिन किन तयार भएको छैन भन्ने बुझेर त्यस्ता अवरोध कम गर्ने नीतिगत प्रस्ताव बोलिदिएको भए बजेट पनि त्यही हिसाबले आउँथ्यो होला। बजेटले बढी बोल्यो भने अलग हो। तर, त्यस्तो सम्भावना देखिँदैन। खासगरी निजी क्षेत्रले देखेका अवरोधलाई सम्बोधन गर्ने बजेट आउँदैन कि भन्ने मेरो आकलन हो।

अर्थतन्त्रलाई उकास्न हाम्रो ध्यान विदेशी मुद्राको स्रोतका रूपमा जनशक्ति विदेश पठाएर विप्रेषण भित्र्याउने मोडलबाट वस्तुको निर्यात बढाउनेतिर केन्द्रित हुनुपर्छ। यसका निमित्त आन्तरिक उत्पादन बढाउन खास-खास उद्योगमा ध्यान दिन्छौं भन्नुपर्छ। अहिलेसम्म प्राथमिकता दिइएको छैन। उत्पादनशील उद्योग स्थापना गर्न र तिनीहरूलाई प्रतिस्पर्धी बनाउनका निम्ति अहिले रहेका अवरोध हटाउनुपर्छ। जति पनि अवरोध छन्, कम गर्ने गरी सुधारको घोषणा बजेटबाट भयो भने कतिपय ऐनमा परिवर्तन गर्नुपर्नेछ।

# शक्तिकेन्द्रको चर्को दबाबबीच प्रहरीले बुझायो प्रतिवेदन

**सागर न्यौपाने**

**जेठ ८ गते, काठमाडौं**

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने योजनामा मुछिएका दलका नेताहरुलाई जोगाउन सत्तारुढ र प्रमुख प्रतिपक्षी दल एकैठाउँ उभिएको पाइएको छ।

पक्राउ परेका उच्च तहका नेता छुटाउन प्रहरी प्रशासनलाई तीव्र दबाब दिइएको सूचना नेपालखबरलाई विभिन्न स्रोतबाट प्राप्त भएको छ।

तर, उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ कुनै हालतमा मुद्दा कमजोर बनाउन नहुने पक्षमा उभिएपछि प्रतिवादीहरुलाई राज्यविरुद्धको अपराधसम्मको कसुर लगाइने भएको छ।

'कसैको दबाब र प्रभावमा नपर्नु होला, प्राप्त प्रमाण नष्ट गर्ने कोसिस होलान् जोगिनुहोला, दोषी कोही उम्कनु हुँदैन र निर्दोष फस्नु हुँदैन,' अनुसन्धानमा जुटेका प्रहरीलाई गृहमन्त्री श्रेष्ठले दिएको निर्देशन उद्धृत गर्दै स्रोतले नेपालखबरसँग भन्यो, 'तर, राजनीतिक रुपमा निकै ठूलो दबाब छ। यति दबाब छ कि अनुसन्धानमा जुटेका प्रहरीहरुलाई समेत समस्या पार्न खोजियो।'

प्रहरीले सोमबार सरकारी वकिल कार्यालयमा मुद्दाको अनुसन्धान प्रतिवेदन बुझाएको छ। पक्राउ परेका १६ जना र फरार सूचीका अन्य १६ जनालाई विभिन्न ५ वटा मुद्दा चलाउनु पर्ने निष्कर्षसहित प्रहरीले अनुसन्धान प्रतिवेदन बुझाएको छ। अब सरकारी वकिल कार्यालयले आगामी १० गतेभित्र यो मुद्दा काठमाडौं जिल्ला अदालतमा दर्ता गरिसक्नुपर्नेछ। सह-न्यायाधिवक्ता अच्युतमणि नेउपानेका अनुसार पक्राउ पर्नेहरुलाई राज्यद्रोह, ठगी र संगठित अपराधसहितका मुद्दा चल्न सक्ने छन्।

केहीलाई लिखतसम्बन्धी कसुर ( कीर्ते) र राज्यविरुद्धको अपराधमा पनि मुद्दा चलाउन सक्ने उनले बताए। सार्वजनिक पदमा पुगेकालाई भ्रष्टाचार मुद्दा पनि चलाउने गरी फाइल अघि बढाइएको छ।

स्रोतका अनुसार यो प्रकरणमा एमालेका सचिव एवम् अर्घाखाँचीबाट निर्वाचित सांसद् टोपबहादुर रायमाझी र नेपाली कांग्रेसका केन्द्रीय सदस्य बालकृष्ण खाँणलाई जोगाउनेगरी प्रतिवेदन तयार पार्न प्रहरीलाई उच्च तहका नेताहरुको दबाब आएको थियो। प्रहरी महानिरीक्षक वसन्त कुँवरले समेत मुद्दा कमजोर हुनेगरी प्रतिवेदन तयार पार्न निर्देशन दिएको दाबी स्रोतले गरेको छ।

उता महान्यायाधिवक्ता दीनमणि पोखरेलले जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी दान कार्कीलाई आइतबार मात्रै बोलाएर मुद्दाको फाइल मिलाएर ल्याउन भनेका थिए।

स्रोतका अनुसार पोखरेलले यो मुद्दामा सत्ता र प्रतिपक्षका उच्च राजनीतिक नेताहरुको ठूलो चासो रहेको संकेतसहित अनुसन्धान प्रतिवेदन त्यहीअनुसार मिलाएर ल्याउन कार्कीलाई भनेका थिए।

उता आईजी कुँवरले पनि अनुसन्धानमा खटिएका प्रहरीलाई फाइल मिलाएर सरकारी वकिल कार्यालयमा बुझाउन भनेको दाबी स्रोतको छ।

यसअघि पूर्व उपप्रधानमन्त्रीसमेत रहेका रायमाझीलाई वैशाख २० गते प्रक्राउ गर्न गएको टोलीलाई आईजी कुँवरले फिर्ता बोलाएका थिए।यदि महानिरीक्षक कुँवरले नरोकेको भए टोपबहादुर वैशाख २० गते नै रुपन्देहीबाट पक्राउ पर्थे। जबकि घटनामा संलग्न भएको पुष्टि भएपछि उनी ११ दिन फरार रहे। वैशाख ३१ गते टोपबहादुरलाई प्रहरीले काठमाडौंको बूढानीलकण्ठबाट पक्राउ गरेको थियो। यो मुद्दामा सत्तारुढ नेपाली कांग्रेस र प्रतिपक्षी एमालेका नेताहरुले व्यक्तिगत रुपमै प्रहरीलाई दबाब दिइरहेका थिए। तर प्रहरीले राजनीतिक नेतृत्वको चर्को दबाबबीच गम्भीर अपराधसहितको कसुरमा फाइल अघि बढाएको हो।

कांग्रेस सभापति शेरबहादुर देउवाले यो प्रकरणमा विशेष चासो राख्दै प्रहरीलाई तारन्तार फोन गरेको कुरा यसअघि नै सार्वजनिक भएको थियो।

कांग्रेस नेताहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई समेत काठमाडौं प्रहरी परिसरको हिरासतमा रहेका पूर्वगृहमन्त्री खाँणको मुद्दा कमजोर बनाउने प्रयासस्वरुप दबाब दिएको बालुवाटार स्रोतले उल्लेख गरेको छ।

पछिल्लो दिन प्रधानमन्त्री प्रचण्डसमेत कांग्रेसको दबाब र आग्रहलाई स्वीकार गर्नुपर्ने निष्कर्षमा पुगेका थिए। यद्यपि प्रहरीले प्रकरणमा बलियो दाबीसहित फाइल सरकारी वकिलमा बुझाएको छ।

महान्यायाधिवक्ता दीनमणि पोखरेलले पनि मुद्दाको फाइल मिलाएर सरकारी वकिलमा पेश गर्न आइतबार काठमाडौं परिसरका प्रमुख कार्कीलाई भनेका थिए।

'नक्कली शरणार्थी प्रकरणमा पक्राउ परेका केहीलाई जोगाउन सत्तापक्ष-प्रतिपक्ष एकै ठाउँमा देखिएका थिए,' स्रोतले नेपालखबरसँग भन्यो, 'आइजी सा'व नै मुद्दा कमजोर बनाउनेको दबाबमा परिक्नु भएको देखिन्थ्यो। गृहमन्त्री श्रेष्ठ यो केस निष्कर्षमा पुऱ्याउनुपर्ने पक्षमा देखिनु भएको छ।'

'प्रधानमन्त्री प्रचण्ड पनि पहिला तअडानमा हुनहुन्थ्यो तर अहिले गल्नुभएको पाइयो,' स्रोतले थप्यो, 'अरु दलका ठूलै नेताहरुले तारन्तार कल गरेर थ्रेट दिनुहुन्छ।'

प्रहरीले आइतबार नै पक्राउ परेका १६ जनाविरुद्ध अदालतमा मुद्दा दायर गर्ने गरी सरकारी वकिलमा फाइल लैजाने प्रक्रिया अघि बढाएको थियो।

तर प्रहरीले यो कोसिस गरिरहँदा आइतबार गृहमन्त्री श्रेष्ठ गृहजिल्ला गोरखा व्यस्त थिए। यता प्रहरीले मुद्दाको फाइल पनि सोमबार मात्रै सरकारी वकिलमा लगेको छ।

नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै नेपालीसँग ३६ करोड बढी पैसा उठाउने कार्यमा संलग्न रहेका १६ जना पक्राउ परिसकेका छन्। प्रहरीले यस प्रकरणमा साढे २७ करोड बढी बिगो दाबीसहित मुद्दाको फाइल अघि बढाएको छ।

तीमध्ये रायमाझी र खाँणको मुद्दा कमजोर बनाउनुपर्ने दबाब खेपिरहेको प्रहरीले सोमबार अदालतमा मुद्दा लैजान अनुसन्धान प्रतिवेदन सरकारी वकिलकहाँ बुझाएको छ। पूर्वउपप्रधानमन्त्री रायमाझी, पूर्वगृहमन्त्री खाँण र नेपाल सरकारका सचिव टेकनारायण पाण्डेसहित ३२ जनालाई प्रतिवादी बनाउँदै अनुसन्धान प्रतिवेदन बुझाइएको हो।

उक्त अनुसन्धान प्रतिवेदनमा पक्राउ परेका १६ जना र फरार अन्य १६ जनाविरुद्ध ठगी, सम्पत्ति शुद्धिकरण, संगठित अपराध र राष्ट्रिय हितविपरीतको कसुरमा मुद्दा चलाउने निर्णय गरेको छ।

यस्तै, रायमाझी, खाँण, टेकनारायण पाण्डे र इन्द्रजित राईसहित सार्वजनिक पद धारण गरेका व्यक्तिलाई भ्रष्टाचार मुद्दा चलाउनुपर्ने निष्कर्ष सरकारी वकिलसमक्ष पेस गरेको प्रहरीले जनाएको छ।

अहिलेसम्म प्रहरीले जुटाएका तथ्य-प्रमाणमा आधारमा पक्राउ परेका कोही पनि छुट्न सक्ने अवस्था छैन। अब सरकारी वकिलले आगामी शुक्रबारसम्म यो मुद्दा जिल्ला अदालतमा पुऱ्याइसक्नु पर्नेछ।

तर, यही मुद्दालाई कमजोर बनाउन भित्र भित्रै उच्च नेतृत्वबाट लबिङसँगै दबाब दिने काम भइरहेको हो।पूर्वगृहमन्त्री एवम् एमाले उपाध्यक्ष रामबहादुर थापा बादलको नाम मुछिए पनि उनीविरुद्ध अभियोग दर्ता भएन। तर उनको नाम मुद्दाको फाइलमा मुछिएको छ। पक्राउ परेका बिचौलियाहरुले थापालाई नगद नै बुझाएको बयान दिएका छन्। यस्तै उनी गृहमन्त्री हुँदाका सुरक्षा सल्लाहकार डा. इन्द्रजित राईको मोबाइलबाट पनि रकम लेनदेनका साथै नक्कली शरणार्थी बनाउन संलग्न रहेको प्रमाण फेला परेको प्रहरी स्रोतले दाबी गरेको छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| **बर्दिवास अस्पताल** | ५५००९० |
| **ट्राफीक प्रहरी** | ५५००५५ |
| **छिन्नमस्ता सशस्त्र प्रहरी गण** | ५५०४०४ |
| **जिल्ला खानेपानि (गौरी डाडाँ )** | ५५०००५ |
| **ढल्केवर (नो लाईट)** | ०४१-५६००६८ |
| **सुरक्षा क्याम (रेडियो नेपाल)** | ५५००२३ |
| **बर्दिवास गा.वि.स.** | ५५००३१ |
| **खानेपानि कार्यालय** | ५५०११० |
| **प्रहरी** | ५२०१९९ |
| **प्रहरी** | ५२००९९ |
| **बर्दिवास दुरसञ्चार** | ५५०००० |
| **पारिजात स्मृति अस्पताल** | ५५०३७२ |
| **नेपाल परिवार नियोजन संघ** | ५५०१०७ |
| **इलाका प्रहरी कार्यलय बर्दिवास** | ५५०००६ |
| **खानेपानी बर्दिवास** | ५५०१४३ |
| **रेडक्रस एम्बुलेन्स** | ५२०१०० |
| **मेरी स्टोप्स सेन्टर** | ५५०१२६ |
| **शुभ स्वस्तिक हस्पिटल** | ५५०२५५ |
| **जनसेवा हस्पिटल** | ५५०४०६ |
| **बर्दिवास आँखा अस्पताल** | ५५०४७७ |
| **एकिकृत सेवा केन्द्र बर्दिवास** | ५५०६६८ |
| **IRDS समाज सहकारी अस्पताल** | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# संविधानमा रहेको त्रुटी सच्याउनुपर्छ : उपेन्द्र यादव



**खबर दर्पण समाचारदाता**
**जेठ ८ गते, महेन्द्रनगर**

जनत समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधानमा रहेको त्रुटी सच्याउनुपर्ने बताएका छन् ।

राजनीतिक स्थिरताका लागि संघीय गणतन्त्रलाई संस्थागत गर्नु आवश्यक रहेको बताउँदै संस्थागत गर्नका लागि संविधानमा रहेको त्रुटि सच्याउनुपर्ने बताए ।

नागरिकता र संघीय निजामती ऐन प्रमाणीकरण हुन नसकेको प्रति चिन्ता व्यक्त गर्दै उनले भने,'सबभन्दा महत्वपूर्ण हो संघीय निजामती ऐन जसको अभावमा प्रदेश सरकारहरुलाई आफ्नो कर्मचारीतन्त्रको अभाव छ ।'

कुनै पनि सरकारको लागि प्रशासन,प्रहरी नभइ नहुने तत्व भएकोले प्रदेश प्रहरीको समायोजनको काम तत्काल अगाडि बढाउनुपर्ने आवश्यकता औंल्याए । संसदबाट पारित भइसकेको विधेयक प्रमाणीकरण गर्ने समय संविधानमै व्यवस्था गरिएकोले प्रमाणीकरण नगरिएकोले राष्ट्रपतिले संविधान उल्लंघन गरेको प्रष्ट भएको उनले बताए । राष्ट्रपतिले दुई-दुई पटक पारित हुँदा पनि संविधानको उल्लंघन गरेको जिकिर गर्दै अध्यक्ष यादवले भने,'संविधानको संरक्षणको जिम्मेवारी लिएका राष्ट्रपतिले नै विगतमा संविधानको उल्लंघन गरेका छन्।'

अध्यक्ष यादवले एउटा चोरलाई समातेर अदालतसम्म पुऱ्याउने अधिकारसमेत प्रदेश सरकारसंग नरहेको बताएका छन् । प्रेस मञ्च नेपालको प्रदेश समितिले आइतबार जनकपुरधाममा आयोजना गरेको सम्मान कार्यक्रममा उनले सो कुरा बताएका छन् ।

मुलुकको राजनीति अहिले दुई ध्रुवमा तीव्र रुपमा ध्रुवीकरण भइरहेको बताउँदै उनले भने,'एकातर्फ संघीयता र गणतन्त्र जस्ता महत्वपूर्ण उललब्धिलाई समाप्त पारी पछाडि धकेल्ने प्रयास भइरहेकोछ,सो प्रयासको लागि तीव्र रुपमा ध्रुवीकरण भइरहेको छ।' मधेशकै नाउँमा बनेको केही शक्तिहरु संघीयता र गणतन्त्र विरुद्धमा परिचालन भएको भन्दै नेता यादवले संघीयता, लोकतन्त्र, गणतन्त्र,धर्म निरपेक्षता,मौलिक हक प्रेस स्वतन्त्रता जस्ता उलपब्धि मध्ये पनि संघीयता सबै भन्दा ठूलो उलपब्धि रहेको उनले प्रष्ट पारे । 'तसर्थ संघीयतालाई संस्थागत गरी विकसित गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता छ ।',उनले भने,संघीयता विरोधी र संघीयता पक्षधरको दुई वटा ध्रुवीकरणमा आज मुलुकको राजनीति ध्रुवीकृत भएको देखिएको छ ।' जनता समाजवादी पार्टी संघीय गणतन्त्रलाई संस्थागत गर्न अगाडि बढ्ने पक्षधर रहेको प्रष्ट पार्दै उनले भने,'प्रदेशलाई अधिकार सम्पन्न बनाउनुपर्छ यस्तो कुन सरकार जसको न आफ्नो प्रहरी छ न प्रशासन छ, न त कुनै स्रोत साधन नै छ।' संघीयता विरोधी शासकहरुले प्रदेश सरकारलाई विभिन्न रुपमा कमजोर पार्दै समाप्त पार्ने पक्षमा देखिएको बताउँदै उनले भने,' प्रदेशको आर्थिक स्रोतलाई कटौती गर्दै जाने विस्तारै-विस्तारै कमजोर गरेर काम गर्ने अवस्थामासमेत नछाड्ने प्रयास हुँदैछ।'

कार्यक्रमबीच प्रेस मञ्च नेपालमा सात जना पत्रकारहरुले प्रवेश गरेका छन् । उनीहरुलाई जसपा अध्यक्ष यादवले गमछा ओढाइ मंचमा प्रवेश गराएका थिए ।

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**क्षीरेश्वरनाथ नगरपालिका**
**महेन्द्रनगर, धनुषा**

## हार्दिक अपिल

फागुनदेखि जेठ महिनासम्मको अवधि हावाहुरी तथा आगलागीका घटना बढी हुने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीतेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीले जथाभावी आगो बाल्दा हुनसक्ने आगलागीका घटनाबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।

**मिथिला नगरपालिका**
**ढल्केबर, धनुषा**

# प्रधानाध्यापक सरुवाको विरोधमा बारामा गाउँपालिका कार्यालय तोडफोड र आगजनी



**खबर दर्पण समाचारदाता**
**जेठ ८ गते, बारा**

प्रधानाध्यापक सरुवाको विषयलाई लिएर विद्यार्थीहरुले बाराको सुवर्णपुर गाउँपालिका कार्यालयमा तोडफोड गरेका छन्।

हर्दिया माविका प्रधानाध्यापक रामएकवाल प्रसाद, देवापुर वहुर्आका प्रधानाध्यापक चन्देश्वर प्रसाद यादव, नेराप्रावि मझरीका प्रधानाध्यापक धर्मेन्द्रप्रसाद यादव र कवही जगाद माविका प्रधानाध्यापक नथुनीप्रसाद यादवलाई गाउँपालिकाले सरुवा गरेपछि विद्यार्थी र असन्तुष्ट समूहले गाउँपालिका कार्यालयमा तोडफोड गरेका हुन्।

गाउँपालिका अध्यक्ष राजेशप्रसाद यादव, उपाध्यक्ष पुनम कुमारीको कार्यकक्ष तोडफोडसँगै कागजपत्रमा बाहिर ल्याएर आगो लगाउन थालेपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन प्रहरीले १० सेल अश्रुग्यास प्रहार गरेको छ।

विद्यार्थीसहित आक्रोशित समूहले तोडफोड, आगजनीसँगै १० वटा मोटरसाइकल तोडफोड गरेका छन्। सोमबार गाउँ कार्यपालिकाको आकस्मिक बैठक बसिरहेका बेला बाहिर विद्यार्थी र प्रदर्शनकारीले नाराबाजी र तोडफोड गरेका हुन्। 'बैठक बसिरहेका छौं, आन्दोलनरत समूहसँग वार्ता पनि भएको छैन, पहिला बैठक सकाउँ अनि के गर्ने भन्ने निर्णयमा पुग्छौं', पालिकाका प्रमुख प्रशासकीय अधिकृत वकिलप्रसाद पालले भने, 'बिहान घटना भयो, अहिले स्थिति सामान्य छ तर अप्रिय घटनापछि अब के गर्ने भन्नेबारे बैठक बसेर नै टुंगोमा पुग्न खोजिरहेका छौं।' प्रमुख प्रशासकीय पालका अनुसार प्रधानाध्यापकहरुको सरुवा सहमतिमै भएको हो।जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता पुरुषोत्तम पाण्डेले गाउँपालिका कार्यालयमा तोडफोड र आगजनी हुन थालेपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन बल प्रयोग गरेको बताए । उनले प्रदर्शनकारीले प्रहरीमाथि ढुंगामुढा गरेको बताए । स्थिति नियन्त्रणमा नेपाल प्रहरीसँगै सशस्त्र प्रहरी बल पनि गाउँपालिका कार्यालय क्षेत्रमा परिचालित छ ।

# सेवाग्राहीको खाताबाट ९ लाख रुपैयाँ गायब, घेरियो बैंक




**खबर दर्पण समाचारदाता**
**जेठ ८ गते, रौतहट**

चन्द्रनिगापुर स्थित माछापुच्छे बैकको शाखाबाट एक जना सेवाग्राहीको खाताबाट ९ लाख रकम गायब भएको घटना सार्वजनिक भएको छ ।

रौतहटको वृन्दावन नगरपालिका-३ का रामेश्वर राय यादव आइतबार चेक साट्न जाँदा खाताबाट रकम गायब भएको पत्ता लागेको हो ।

उनको खातामा ३ दिन अघि मात्र १२ लाख २० हजार रकम जम्मा गरिएको थियो । बिहीबार बिहान यादव आफै १२ लाख २० हजार रकम माछापुच्छे बैंकमा जम्मा गर्न चेक दिएका थिए । उनको खातामा पैसा जम्मा भएको म्यासेज मोबाइलमा शुक्रबार अपराह्न ३ बजे आएको यादवको भनाई छ।

आइतबार कार्यालय समयमा ८ लाखको चेक लिएर बैंकमा साट्न जाँदा खाताबाट ९ लाख पैसा गायब भएको बैंकका कर्मचारीले बताएपछि आफू चकित भएको यादवको भनाई छ।

यादवका अनुसार बैंकको शाखा प्रमुख रामजी दाससँग खाताबाट कसरी पैसा गायब भयो भनेर सोध्दा उनले ह्याकरले पैसा लगेको हुनसक्ने जवाफ दिएका थिए । पैसा हराउँदासमेत बैंकले बेवास्ता गरेको भन्दै स्थानीय तथा आफन्तले बैंकमा जम्मा भएर होहल्ला समेत गरेका थिए ।

लगत्तै इलाका प्रहरी चन्द्रनिगाहपुरबाट बैंकमा गएको प्रहरीको टोलीले घटनाबारे अनुसन्धान थालेको जनाएको छ ।

सेवाग्राही यादवको खाताबाट तीनवटा नम्बरको मोबाइल प्रयोग गरी रकम निकालेको देखिन्छ।उनको खाताको रकम सिटिजन्स र सानिमा बैंकमा ट्रान्सफर भएको माछापुच्छे बैंक चन्द्रनिगाहपुरका प्रमुख दासले बताए ।

यता इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रमुख प्रहरी नायव उपरीक्षक एकनारायण कोइरालाले घटनाबारे अनुसन्धान सुरु भएको जानकारी दिए ॥

**बाल हिंसा अन्त्य गरौं**

# क्षीरेश्वरनाथ नगरपालिकामा लाग्यो ताल्चा

**खबर दर्पण समाचारदाता**

**जेठ ८ गते, महेन्द्रनगर**




धनुषाको क्षीरेश्वरनाथ नगर पालिकामा सोमवार तालाबन्दी गरिएको छ।

नगरपालिकाले समाजिक सुरक्षा भत्ता उपलब्ध नगराएको तथा करारका कर्मचारीहरुको साउन देखिको तलब नदिएको भन्दै जेष्ठ नागरीक तथा करारका कर्मचारीहरुले संयुक्त रुपमा नगरपालिकामा ताल्चा लगाएका हुन् ।

ताल्चा लगाए पछि जनप्रतिनिधिहरु भित्र नै ५ घण्टा थुनिएर बसेका थिए। पछि मंगलवार कार्यपालिका बैठक बसेर निष्कर्ष निकाल्ने प्रतिबद्धता जनाए पछि मात्र ११ बजे लगाइएको ताल्चा ५ बजे साँझ खोलिएको थियो ।

नव निर्वाचित मेयर सुख देव यादवले कार्यपालिकाको निणर्य बिना नै मौखिक आदेशमा तत्तकालिन नियमित प्रमुख प्रशासकीय अधिकृत प्रमोद घिमिरे मार्फत नयाँ आर्थिक वर्ष साउनमा एक सुचना जारी गर्दै अर्को सुचना नआएसम्मको लागि करार र दैनिक ज्यालादारीका कर्मचारीहरुलाई हाजिरी नगर्नु भनि भनिएको थियो । तर सुचनामा म्याद थप नहुने वा कामकाज नगर्नु र बरबुझारथ नगर्नु जस्ता कुनै कुरा उल्लेख नगरिएको पीडित कर्मचारीहरुले बताए ।

पीडित कर्मचारीहरुले कामकाज गर्दै गईरहेको अवस्थामा प्रमुख प्रशासकीय अधिकृत कन्हैया मिश्रा हाजिर भइसकेपछि उनले सबै कर्मचारीहरुको नियमानुसार म्याद थप गरिदिएको स्वास्थ्य शाखामा करारमा कार्यरत कर्मचारी राजन साहले बताए।

उनले म्याद थप गरेर कामकाज गर्ने सम्बन्धमा सम्झौता पत्र दुबै तर्फको हस्ताक्षर समेत गरिएको भए पनि दश महिना देखि मेयर यादवको आदेशमा तलब रोकिएको बताए।

पीडित कर्मचारीहरुले भने, "कि त सुरुमा नै कामकाज नगर्नु बर बुझारथ गर्नु भनि दिएको भए आफूहरु सुरुमा आ आफ्नो बन्दोबस्तमा लाग्ने थियौं तर त्यस्तो नभनेर कामकाज गर्दै जानु पछि मिलाउने भन्दै १० महिना देखि कामकाजमा लगाएर अहिले सम्म तलब उपलब्ध गराएका छैनन् ।"

पालिकामा विगत ६ वर्षदेखि कार्यरत करारका कर्मचारी जमिल अख्तरले राजनीतिक पूर्वाग्राही रुपमा आफूहरुमाथि मेयर यादवले विभेद गरेको आरोप लगाए ।

उनले नगर प्रमुख सुखदेव यादव र वर्तमान प्रमुख प्रशासकिय अधिकृत सिवेन्द्र मण्डल मिलेर फरक आस्था भएका कर्मचारीलाई तलब उपलब्ध नगराएको आरोप लगाए ।

त्यसैगरी पालिकामा संघीय सरकार मातहतका विभिन्न आयोजनामा कार्यरत कर्मचारीहरुलाई समेत साधारण करारका कर्मचारी संगै मुछेर काममा अवरुद्ध गर्नुको साथै उनिहरुको समेत तलब भत्ता रोकेर राखेका छन् ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रलाय अन्तर्गतका गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा)का कर्मचारी जितेन्द्र महराले आफूहरु जस्तै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतका प्रधानमन्त्री रोजगार कार्यक्रम, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सुचना प्रविधि शाखा र गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका एमआइएस अपटेरहरु, कृषि मन्त्रालय अन्तर्गतका कर्मचारी लगायतका कर्मचारीहरुलाई समेत तलब रोकेर कामकाज प्रभावित गरेको बताए ।

संघीय सरकार मार्फतका आयोजनाहरुको कामकाज प्रभावित हुँदा नगरका जनताको लागि आएको बजेट करिब ३ करोड रुपैयाँ फ्रिज हुने अवस्था रहेको छ।मेयर यादव सहित नव निर्वाचित जनप्रतिनिधिहरुको एक वर्षको कार्यकाल विते पनि जनताको लागि कुनै काम गर्न सकेको अवस्था छैन। नगरको भएभरको सबै जनताको नाममा आएका संघीय र प्रदेश सरकारको सशर्त अनुदानको करोडौं बजेट फ्रिज हुने अवस्था रहेको छ भने विकासको बजेट समेत फ्रिज हुने अवस्था रहेको छ।

करारको अवधी हुँदाहुँदै कर्मचारी नै नराखेको बताउँदै अधिकृत शिवेन्द्र मण्डलले तलब खुवाउन नमिल्ने बताएको आरोप छ । नयाँ स्थानीय सरकारका जनप्रतिनीधिहरुले करारका कर्मचारीहरुलाई साउन देखि नै बिना तलब भत्ताको काम गराउँदै आएका छन् ।

"बरु हामी हाम्रो करार अवधि सकिएपछि काम नगरौला तर अहिले गरेको कामको त तलब भत्ता उपलब्ध गराउनु परो नि , करार नियुक्ती र अवधी हुँदाहुँदै तलब नदिनु नियतवंश मात्र हो । हामीले काम गरेको अवधीको तलब त पाउनुपर्यो नी ?"- एक कर्मचारीले भने ।

"खास गरी लेखाअधिकृत प्रकाश कर्णले बदमासी गरेको हो, उसले कर्मचारीको नियुक्ती र करार सम्झौता अनुसार तलब खुवाउनु पर्नेमा त्यस्तो नगरेर भ्रष्टाचार गरेको हो", लेखा शाखामा कार्यरत एक कर्मचारीले बताए।

करार कर्मचारीहरुको तलब उपलब्ध नगराए सम्म आन्दोलन जारी रह्ने बताएका छन् ।

यता ज्येष्ठ नागरिकहरुको सामाजिक सुरक्षा भत्ता बापतको तेस्रो र चौथो किस्ताको रकम समेत अहिलेसम्म उपलब्ध गराउन नसकेको अवस्था रहेको छ ।

जेष्ठनागरीकहरुले पनि आफूहरुको समाजिक सुरक्षा भत्ता निश्चित अवधि भित्र उपलब्ध गराउने सुनिश्चित नभएसम्म आन्दोलन गरिरह्ने बताएका छन् ।

# प्रेस यूनियन धनुषामा सिंहको नेतृत्वमा १७ सदस्यीय समिति चयन



जनकपुरधाम- नेपाल प्रेस यूनियन धनुषा शाखाको दशौं जिल्ला अधिवेशनले राजन कुमार सिंहको नेतृत्वमा १७ सदस्यीय जिल्ला कार्यसमिति सर्वसम्मत चयन गरेको छ।

नयाँ कार्यसमितिमा घनश्याम मिश्र - उपाध्यक्ष (खुल्ला), निरंजन कुमार साह -उपाध्यक्ष, र रूपा कर्ण समावेशी महिला उपाध्यक्ष , हरिवंश यादव -सचिव, तेज कुमारी पौडेल - सहसचिव र किशोर मण्डल -कोषाध्यक्ष चयन भएका छन् ।

त्यसैगरी सदस्यहरूमा क्रमश : चंदन ठाकुर, राहुल सिंह, चन्दन शर्मा, रामेश्वर महतो, एलिना सिंह, रिता थापा, कृष्णा कँडेल, राम सुन्दर कामत, पूजा मण्डल र सुकदेव मण्डल रहेका छन्।

# श्रममन्त्री भण्डारीलाई मटिहानीमा भव्य स्वागत



**खबर दर्पण समाचारदाता**

**जेठ ८ गते, महोत्तरी**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारीले जिल्लाको बिकास र रोजगारी सिर्जना गर्न आफु प्रतिबद्ध रहेको कुरा बताउनु भएको छ ।

महोत्तरी जिल्लाको मटिहानी नगर पालिकाद्वारा उहाँको सम्मानमा आइतबार आयोजित कार्यक्रममा बोल्नु हुँदै उहाँले बैदेशिक रोजगारीलाई ब्यबस्थित बनाउन लागि परेको पनि भन्नुभयो । कार्यक्रममा मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडलले मन्त्री भण्डारीलाई दोसल्ला ओढाई सम्मान गर्नु भयो ।

त्यस अघि मन्त्री भण्डारीले प्रसिद्ध पौराणिक लक्ष्मीनारायण मन्दिर , लक्ष्मी सागरमा दर्शन पूजा र आरती गर्नु भयो । कार्यक्रम पूर्व सांसद निर्जला राउत, मधेश प्रदेशका माननीयहरु जैनुल राईन, रमिता प्रधान पनि सहभागी रहनु भएका थिए ।

## हार्दिक अपिल

फागुनदेखि जेठ महिनासम्मको अवधि हावाहुरी तथा आगलागीका घटना बढी हुने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीतेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीले जथाभावी आगो बाल्दा हुनसक्ने आगलागीका घटनाबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।

बर्दिवास नगरपालिका
महोत्तरी

## हार्दिक अपिल

फागुनदेखि जेठ महिनासम्मको अवधि हावाहुरी तथा आगलागीका घटना बढी हुने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीतेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीले जथाभावी आगो बाल्दा हुनसक्ने आगलागीका घटनाबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं ।

औरही नगरपालिका
महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा